नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

# शिक्षा तथा मानव स्रोत विकास केन्द्र

शैक्षिक योजना तथा विकास महाशाखा

## शिक्षक व्यवस्थापन समन्वय शाखा

प..सं. २०७९/८० शि. व्य.
च.नं. २३६

शाखा सम्पर्क नं. ०१-६६३५११३
मिति:२०७९/११/२८

विषय: खुद पुल दरबन्दी पठाउने सम्बन्धमा ।

श्री स्थानीय तह,
(खुद पुल दरबन्दी भएका मात्र )

प्रस्तुत विषयमा शिक्षक दरबन्दी (मिलान तथा व्यवस्थापन) कार्यविधि,२०७६ अनुसार शिक्षक दरबन्दी मिलान तथा व्यवस्थापनको कार्य हुँदै आएको व्यहोरा अवगत नै छ । सो सम्बन्धमा शिक्षकको खुद पुल दरबन्दी भएका अधिकांश स्थानीय तहहरुले दरबन्दी मिलानको प्रयोजनार्थ खुद पुल दरबन्दी कट्टा गर्न यस केन्द्रमा समयमै लेखी पठाई सहयोग गर्दै आउनु भएको सन्दर्भ विशेष सह्राहनीय नै रहेको छ।हालसम्म पनि अझै खुद पुल दरबन्दी कट्टा गर्न बाँकी रहेका स्थानीय तहहरुले सम्बन्धित शिक्षा विकास तथा समन्वय इकाई मार्फत यहि चैत्र मसान्तभित्र यस केन्द्रको ईमेल ठेगाना teachermgt.cehrd@gmail.com मा आइपुग्ने गरी देहाय बमोजिम पठाउनु हुन निर्देशनानुसार अनुरोध छ ।

यस सम्बन्धमा केन्द्रबाट विभिन्न मितिमा जारी भएको पत्रानुसार समयमै कट्टा गर्नुपर्ने रिक्त दरबन्दी नपठाई दरबन्दी मिलान कार्यमा सहजिकरण नगर्ने खुद पुल दरबन्दी रहेका स्थानीय तहहरुमा खुद पुल दरबन्दी बराबरको संख्यामा शिक्षक तलब भत्ता निकासा नगरिएको र नगरिने हुँदा शिक्षक दरबन्दी मिलानको कार्य यथाशिघ्र सम्पन्न गर्ने व्यवस्था हुन समेत निर्देशनानुसार अनुरोध छ ।

तपसिल:

१. खुद पुल रहेको कट्टा गर्नुपर्ने रिक्त दरबन्दी/राहतको बिवरण ।
२. कटौती हुने खुद पुल दरबन्दी रहेको स्थानीय तहबाट तोकिएको सोही जिल्लाको अर्को दरबन्दी थप हुने स्थानीय तह वा सोही प्रदेशको दरबन्दी थप हुने अर्को जिल्लाको स्थानीय तहमा दरबन्दी थप सहित सरुवा भई जान ईच्छुक शिक्षकहरुको निवेदन माग र संकलन गरी सो सहितको बिवरण।
३. माथि बुँदा १ र २ अनुसारको बिवरण पठाउँदा समेत खुद पुल दरबन्दी बाँकी रहने भए राहत र दरबन्दीमा अस्थायी रुपमा कार्यरत शिक्षकहरुको अलग अलग कनिष्ठताको सूची तयार गरी पठाउनुहुन ।

राम बहादुर अधिकारी
शाखा अधिकृत

बोधार्थ :
श्री शिक्षा विकास तथा समन्वय इकाई,
(खुद पुल दरबन्दी भएका मात्र ) : आवश्यक समन्वय र सहजीकरणका लागि ।